# संघीय संसद
# प्रतिनिधि सभा
### चौथो अधिवेशन
## बैठक संख्या - २४

## सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७६ साल जेठ ३० गते बिहीबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री कृष्ण बहादुर महराको अध्यक्षतामा बिहान ११:१० बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठकको प्रारम्भमै नेपाली काँग्रेस र राष्ट्रिय जनता पार्टी नेपालका मा० सदस्यहरु आ-आफ्नो स्थान अगाडि उभिनुभएपछि सम्माननीय सभामुखले मा० श्री भिमसेनदास प्रधानलाई समय दिनुहुँदा उहाँले सरकारले आइ.एल.ओ. महासन्धिको भावना र मर्म विपरित र संविधानको व्यवस्था विपरित गुठी विधेयक ल्याएको, यो विधेयकले देशभरका गुठीबाट संचालित धर्म, सँस्कृति, रितिरिवाज उपर धावा बोलेको, काठमाडौंको माइतीघरमा भएको घटनामा संलग्न दोषीहरुलाई कारवाही हुनुपर्ने, गुठी विधेयकमाथि सम्बन्धित पक्ष र सरोकारवालाहरुसँग छलफल गरेर विधेयक सच्याउन सरकारको ध्यानाकर्षण गराउँछु भन्नुभयो ।

तदुपरान्त मा० श्री लक्ष्मणलाल कर्णले राष्ट्रिय जनता पार्टी नेपालले उठाएको संविधान संशोधन सम्बन्धी मुद्दालाई वेवास्ता गर्ने कार्य नहोस् भन्नुहुँदै संसदीय समितिबाट भएको निर्देशन लोक सेवा आयोग र सरकारले नमानेर कर्मचारीको माग सम्बन्धी विज्ञापन खारेज नगरेको, संविधानको मौलिक अधिकारको भावना बमोजिम जनप्रतिनिधि संस्थाको निर्देशन आयोग र सरकारले नमान्ने हो भने संसदीय सर्वोच्चताको गरिमा नरहने भन्नुहुँदै सरकारले गिरिशचन्द्र लाल आयोगको प्रतिवेदन चाँडो सार्वजनिक गरि आफ्नो प्रतिवद्धता पुरा गरोस् भन्नुभयो ।

त्यसपछि प्रारम्भ भएको शून्य समयमा निम्नलिखित मा० सदस्यहरुले विविध समसामयिक विषयहरुमा आ-आफ्नो धारणा राख्नुभयो :-

१. मा० श्री विमला वि.क.
२. मा० श्री बृजेश कुमार गुप्त
३. मा० श्री भरत कुमार शाह
४. मा० श्री भवानी प्रसाद खापुङ्ग
५. मा० श्री भूमिप्रसाद त्रिपाठी
६. मा० श्री महेन्द्र कुमारी लिम्बु
७. मा० श्री महेश्वर जंग गहतराज (अथक)
८. मा० श्री मिनबहादुर विश्वकर्म
९. मा० श्री मिना सुब्बा
१०. मा० श्री मेटमणि चौधरी
११. मा० श्री मैना कुमारी भण्डारी
१२. मा० श्री यज्ञराज सुनुवार
१३. मा० श्री रंगमति शाही
१४. मा० श्री राजेन्द्र कुमार के.सी.
१५. मा० श्री राजेन्द्र कुमार राई
१६. मा० श्री राजेन्द्र प्रसाद गौतम
१७. मा० श्री रानी मण्डल
१८. मा० श्री रामकुमारी झाँक्री
१९. मा० श्री रामबहादुर विष्ट
२०. मा० श्री रेनुका गुरुङ्ग

तदुपरान्त प्रारम्भ भएको विशेष समयमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री कृष्णभक्त पोखेल
२. मा० श्री दिव्यमणि राजभण्डारी
३. मा० श्री चन्द्रकान्त चौधरी
४. मा० श्री प्रदिप यादव
५. मा० श्री विना देवी बुढाथोकी
६. मा० श्री उमा रेग्मी
७. मा० श्री विष्णु शर्मा
८. मा० श्री प्रमोद साह
९. मा० श्री नारदमुनि राना
१०. मा० श्री उमाशंकर अरगरिया
११. मा० श्री प्रेम सुवाल

तत्पश्चात सम्माननीय सभामुखले विनियोजन विधेयक, २०७६ को विभिन्न शीर्षकहरुमाथिको छलफल अन्तर्गत खानेपानी मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सम्बन्धी विनियोजन शिर्षकहरुमाथि समुहीकृत रुपमा छलफल प्रारम्भ हुने जानकारी गराउनु हुँदै उल्लिखित मन्त्रालयहरु सम्बन्धी विनियोजन शिर्षकहरुमाथि पाँच जना मा० सदस्यहरुबाट प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १४३ को उपनियम (१) को खण्ड (क), (ख) र (ग) बमोजिम खर्च कटौतीको प्रस्तावहरु प्राप्त हुन आएको व्यहोरा समेत जानकारी गराउनु भयो ।

त्यसपछि खर्च कटौती प्रस्तावका निम्नलिखित प्रस्तावकहरुले आफ्नो खर्च कटौतीको प्रस्ताव प्रस्तुत गर्दै आजको लागि निर्धारित विनियोजन शीर्षकहरुमाथिको छलफलमा समेत भाग लिनुभयो :-

१. मा० श्री दुर्गा पौडेल
२. मा० श्री प्रेम सुवाल
३. मा० श्री सुजाता परियार
४. मा० श्री सत्यनारायण शर्मा खनाल
५. मा० श्री गगन कुमार थापा

तदुपरान्त उल्लिखित मन्त्रालयहरु सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री योगेश कुमार भट्टराई
२. मा० डा० अमरेश कुमार सिंह
३. मा० श्री लक्ष्मणलाल कर्ण
४. मा० श्री उमाशंकर अरगरिया
५. मा० श्री नवराज सिलवाल
६. मा० श्री भिमसेनदास प्रधान
७. मा० श्री रानी मण्डल
८. मा० श्री रेनुका गुरुङ्ग
९. मा० श्री लालप्रसाद साँवा लिम्बु
१०. मा० श्री राजेन्द्र कुमार के.सी
११. मा० श्री यज्ञराज सुनुवार
१२. मा० श्री उमेश श्रेष्ठ
१३. मा० श्री पवित्रा निरौला (खरेल)
१४. मा० श्री सञ्जय कुमार गौतम
१५. मा० श्री राजेन्द्र प्रसाद गौतम
१६. मा० श्री दिव्यमणि राजभण्डारी
१७. मा० श्री खगराज अधिकारी
१८. मा० श्री मिना पाण्डे
१९. मा० श्री सूर्य प्रसाद पाठक
२०. मा० श्री नवराज रावत
२१. मा० श्री लक्ष्मी परियार
२२. मा० श्री गोपाल बहादुर बम
२३. मा० श्री रामबहादुर विष्ट
२४. मा० श्री भूपेन्द्र बहादुर थापा
२५. मा० श्री प्रमिला राई
२६. मा० श्री मैना कुमारी भण्डारी
२७. मा० श्री देवप्रसाद तिमलसेना
२८. मा० श्री नविना लामा
२९. मा० श्री रंगमति शाही
३०. मा० श्री घनश्याम खतिवडा
३१. मा० श्री डिला संग्रौला (पंत)
३२. मा० श्री गजेन्द्रबहादुर महत

तत्पश्चात सम्माननीय सभामुखले विनियोजन विधेयक, २०७६ अन्तर्गत खानेपानी मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा मा० सदस्यहरुले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनु हुँदै विनियोजन विधेयक, २०७६ अन्तर्गत श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय र ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको समूहीकृत छलफल मिति २०७६ जेठ ३१ गतेको बैठकमा हुने व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तदनन्तर बैठक २०७६ साल जेठ ३१ गते शुक्रबार बिहान ११:०० बजे बस्नेगरी दिनको ४:२० बजे स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
संघीय संसदको महासचिव